# प्राविधिक कर्मचारीहरुको फिल्ड भत्ता सम्बन्धी कार्यविधि, २०८२

कार्यपालिकाबाट स्वीकृत मितिः २०८२/०५/२२

चौबिसे गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय
राजारानी धनकुटा

# प्राविधिक कर्मचारीहरुको फिल्ड भत्ता सम्बन्धी कार्यविधि, २०८२

कार्यपालिकाबाट स्वीकृत मितिः २०८२/०५/२२

<u>प्रस्तावना:</u> चौबिसे गाउँपालिकाद्धारा सञ्चालित योजना विकासका काममा तन्दुरुस्ती एवं चुस्तता ल्याउन पूर्वाधार विकास शाखा अन्तर्गत कार्यरत प्राविधिक कर्मचारीहरुको काममा थप हौसला प्रदान गर्न आवश्यक फिल्ड भत्ताको व्यवस्था गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ तथा गाउँपालिकाले प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ४ को अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भ:</u> (१) यस कार्यविधिको नाम "प्राविधिक कर्मचारीहरुको फिल्ड भत्ता सम्बन्धी कार्यविधि, २०८२" रहेको छ ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भए पछि लागू हुनेछ ।

२. <u>परिभाषा:</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

(क) "कार्यपालिका" भन्नाले चौबिसे गाउँकार्यपालिकालाई सम्झनु पर्दछ ।

(ख) "कार्यालय" भन्नाले चौबिसे गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(ग) "गाउँपालिका" भन्नाले चौबिसे गाउँपालिकालाई सम्झनु पर्दछ ।

(घ) "कार्यविधि" भन्नाले प्राविधिक कर्मचारीहरुको फिल्ड भत्ता सम्बन्धी कार्यविधि, २०८२ लाई सम्झनु पर्दछ ।

(ङ) "प्राविधिक कर्मचारी" भन्नाले चौबिसे गाउँपालिकाको पूर्वाधार विकास शाखामा कार्यरत इन्जिनियर, सव-इन्जिनियर, असिस्टेन्ट सव-इन्जिनियर, अमिनलाई सम्झनु पर्दछ ।

(च) "गाउँसभा" भन्नाले चौबिसे गाउँपालिकाको गाउँसभालाई सम्झनु पर्दछ ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले चौबिसे गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

परिच्छेद-२

फिल्ड सुविधा सम्बन्धी व्यवस्था

३. फिल्ड भत्ता उपलब्ध गराउन सक्ने: गाउँपालिकाको पूर्वाधार विकास शाखामा कार्यरत प्राविधिक कर्मचारीहरुले फिल्डमा गई काम गरे वापत कार्यलयले देहाय बमोजिम पद/तह/स्तर अनुसार एकमुष्ट मासिक फिल्ड भत्ता प्रदान गर्न सक्नेछ ।

| क्र.सं. | पद/तह/स्तर | फिल्ड भत्ता |
| --- | --- | --- |
| १ | इन्जिनियर(अधिकृत स्तर) | ७५००।- |
| २ | सव-इन्जिनियर(सहायक स्तर पाचौ) | ६०००।- |
| ३ | असिस्टेन्ट सव-इन्जिनियर/(खा.पा.स.टे.)/अमिन | ५०००।- |

४. फिल्ड भत्ता प्रास आधार पुरा गर्नु पर्ने: (१) यस कार्यविधि बमोजिम प्राविधिक कर्मचारीहरुले फिल्ड भत्ता प्रास गर्न देहाय बमोजिम आधार पुरा गर्नुपर्नेछ:-

(क) प्राविधिक कर्मचारी मासिक रुपमा कार्यालयमा हाजिर भई काम गरेको हुनु पर्नेछ ।

(ख) कार्यालयले जुनसुकै अवस्थामा काममा खटाउँदा काम गरेको हुनु पर्नेछ ।

(ग) प्राविधिक कर्मचारीहरुले मासिक रुपमा काम गरेको विवरण शाखा प्रमुखले तयार गरी प्रशासन शाखा मार्फत पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) को खण्ड (ग) बमोजिमको विवरण प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत गर्नु पर्नेछ ।

५. खर्चको श्रोत: गाउँसभाबाट विनियोजन हुने फिल्ड भत्ता शिर्षकबाट यस कार्यविधि बमोजिम फिल्ड सुविधा प्रदान गरिनेछ ।

६. भुक्तानी विधि: २०८२ साल श्रावण महिना देखि दफा ३ बमोजिमको प्राविधिक कर्मचारीको फिल्ड भत्ता वापतको रकम मासिक रुपमा प्रदान गरिनेछ ।

परिच्छेद-३

विविध

७. अन्य सेवा सुविधा दिन सकिने:

(१) प्राविधिक कर्मचारीलाई कार्यालयको कामको सिलसिलामा गाउँपालिका क्षेत्र बाहि
जाँदा भ्रमण खर्च दिन सकिनेछ ।

(२) विभिन्न समितिको सदस्यको रुपमा कार्य गर्दा भत्ता तथा अन्य सुविधा लिन बाध
पर्ने छैन ।

८. <u>संशोधन गर्न सक्नेः</u> यस कार्यविधिमा आवश्यक संशोधन गर्नु परेमा गाउँ कार्यपालिका
आवश्यक संशोधन गर्न सक्नेछ ।

९. <u>खारेजी तथा बचाउः</u> यो कार्यविधि तथा यस कार्यविधिका दफा तथा उपदफा संघ तथ
प्रदेश कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः खारेज भएको मानिनेछ र गाउँसभाको
निर्णय अनुसार यस अघि भए गरेका कामकाजहरु यसै कार्यविधि बमोजिम भए गरेको
मानिनेछ ।